आकाशवाणी समाचार- नेपाली

मितिः १२ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- आज राष्ट्रिय युवा दिवस हो। आज स्वामी विवेकानन्दको जन्मजयन्ती पनि हो। राष्ट्रपति द्रौपदी मुर्मुले आज स्वामी विवेकानन्दलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

- भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आज बिहान १० बजेर १७ मिनटमा श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रको प्रथम प्रक्षेपण केंद्रबाट PSLV-C62 EOS-N1 मिसन प्रक्षेपण गर्नेछ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले "इन्डियन आइडल" बाट राष्ट्रिय ख्याति प्राप्त गर्ने लोकप्रिय गायक प्रशान्त तामाङको आकस्मिक निधनमा गहिरो समवेदना व्यक्त गर्नुभएको छ। उनको पार्थिव शरीर आज देजीलिंग ल्यायिन्दै छ|

- सिलगढी नगर निगम भित्र नक्कली म्यूटेशन रसिदलाई लिएर विवाद उत्पन्न भएको छ।

**राष्ट्रपति**

राष्ट्रपति द्रौपदी मुर्मुले आज स्वामी विवेकानन्दलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। स्वामी विवेकानन्दको जन्मजयन्तीलाई राष्ट्रिय युवा दिवसको रूपमा मनाइन्छ। एक सामाजिक सञ्जाल पोस्टमा राष्ट्रपतिले स्वामी विवेकानन्द एक शाश्वत, दूरदर्शी र आध्यात्मिक व्यक्तित्व भएको बताउनुभएको छ। उहाँले आन्तरिक शक्ति र मानवताको सेवा अर्थपूर्ण जीवनको आधार हो भन्ने उपदेश दिनुभएको थियो। राष्ट्रपति मुर्मुले स्वामी विवेकानन्दले भारतको शाश्वत ज्ञान विश्वमा पुर्याउनु भएको बताउनु भयो । उहाँले स्वामी विवेकानन्दले भारतीयहरूमा राष्ट्रिय गौरव जगाउनुभयो र युवाहरूलाई राष्ट्र निर्माणमा योगदान दिन प्रेरित गर्नुभएको पनि बताउनुभयो।

**प्रधानमंत्री युवा दिवस**

आज राष्ट्रिय युवा दिवस हो। आज स्वामी विवेकानन्दको जन्मजयन्ती पनि हो। यस अवसरमा, प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीमा विकसित भारत यंग लीडर्स डॉयलांग 2026 को समापन सत्रमा भाग लिनुहुनेछ। श्री मोदीले अन्तर्राष्ट्रिय संस्थाहरूका युवा प्रतिनिधिहरू सहित भारत र विदेशका लगभग तिन हजार युवाहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। छनोट भएका सहभागीहरूले राष्ट्रिय महत्वका प्रमुख क्षेत्रहरूमा आफ्ना दृष्टिकोण र कार्यात्मक विचारहरू साझा गर्दै **दश** विषयगत ट्र्याकहरूमा प्रधानमन्त्रीलाई आफ्नो अन्तिम प्रस्तुतीकरण दिनेछन्। कार्यक्रमको क्रममा, प्रधानमन्त्रीले विकसित भारत युवा नेता संवाद २०२६ को लागि निबन्ध संग्रहको विमोचन गर्नुहुनेछ, जसमा भारतको विकास प्राथमिकताहरू र दीर्घकालीन राष्ट्र निर्माण लक्ष्यहरूमा युवा सहभागीहरूले लेखेका चयनित निबन्धहरू समावेश हुनेछन्।

**इसरो**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले आज बिहान १० बजेर १७ मिनटमा श्रीहरिकोटास्थित सतीश धवन अन्तरिक्ष केन्द्रको प्रथम प्रक्षेपण केंद्रबाट PSLV-C62 EOS-N1 मिसन प्रक्षेपण गर्नेछ। यो मिसन भारतको सबैभन्दा भरपर्दो र सफल प्रक्षेपण यान, PSLV को ६४ औं उडान हुनेछ। यो मिसनलाई न्यूस्पेस इन्डिया लिमिटेडले सञ्चालन गरिरहेको छ। यो पृथ्वी अवलोकन उपग्रह निर्माण र प्रक्षेपण गर्ने नवौं व्यावसायिक मिसन हो। रकेटले भारत र अन्य देशहरूबाट १५ अन्य उपग्रहहरू पनि बोक्नेछ। प्रक्षेपणको लागि PSLV-DL भेरियन्ट प्रयोग गरिनेछ। यो दुई ठोस स्ट्र्याप-अन मोटरहरूले सुसज्जित छ, जसले गर्दा यानले

धेरै उपग्रहहरूलाई सटीक कक्षमा राख्न सक्षम बनाउँछ। यस मिसनको विशेष आकर्षण भनेको स्पेनी स्टार्टअपद्वारा विकसित केस्ट्रेल इनिशियल टेक्नोलॉजीको प्रदर्शन हो। यो भविष्यको पुन: प्रयोग गर्न मिल्ने सवारी साधनको सानो स्तरको प्रोटोटाइप हो। यो अन्तिम सञ्चालन पेलोड हुनेछ र दक्षिण प्रशान्त महासागरमा नियन्त्रित अवतरण अघि पृथ्वीको वायुमण्डलमा पुन: प्रवेश गर्ने अपेक्षा गरिएको छ।

**राजु विष्ट**

दार्जीलिङका सांसद राजु विष्टले , निर्वाचन आयोगले पश्चिम बङ्गालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण, एस.आई.आर अविध सत्यापनको निम्ति चिया बगान अनि सिन्कोना बगान रिकर्डको उपयोगलाई स्वीकृति दिएको बताउनुभएको छ। सोशियल मीडियाको एउटा पोस्टमा श्री बिष्टले भन्नुभयो, चिया बगानहरू अनि सिन्कोना बगानहरूमा रोजगार रिकेर्ड अब भविष्यमा आधिकारिक उपयोगहरूको निम्ति पनि एउटा महत्वपूर्ण कागज बन्नेछ। उहाले भन्नुभयो, गत बर्ष अक्टुबर महिनामा उहाले चुनाव आयुक्त ज्ञानेश कुमारलाई पत्र लेखेर - रिकर्डहरूलाई एस.आई.आर सत्यापनको निम्ति वैध कागजको रूपमा स्वीकार गर्न पर्ने अनुरोध गर्नुभएको थियो । श्री विष्टले भन्नुभयो, अभ्यावेदनमा उहाले प्रकाश पार्नुभएको थियो कि उत्तरी बंगालको दार्जीलिङ, कालेबुङ, जलपाइगढ़ी, अलिपरुद्वार, कुच बिहार अनि उत्तर एवं दक्षिण दिनाजपुर ठूलो चिया बगानहरू अनि वनहरूमा बसोबास गर्ने समुदायहरूको घर हो। उहाले यस निर्णयको निम्ति चुनाव आयोगलाई आभार व्यक्त गर्नुहुदै भन्नुभएको छ, यसबाट हजारौं नागरिकहरूलाई फाइया पुग्नेछ जो लामो समयदेखि बुनियादी कागज अनि चुनावी समावेशनबाट वंचित गरिएको छ। उहाले अझ भन्नुभयो, राज्य विधानसभामा विपक्षको नेता सुवेन्दु अधिकारीले पनि चिया बगानहरू अनि सिन्कोना बगान श्रमिकहरूको कल्याणलाई सुनिश्चित गर्ने मागको मुद्दालाई उठाएको थियो। मतदाता विशेष गहन संसोधन एसआईआरमा चियाबारी क्षेत्रमा रहेका मतदाताहरुका लागि चुनाव आयोगले चियाबारीको रेकर्डलाई मान्यता दिएकोमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको तर्फबाट चुनाव आयोग र सरकारलाई धन्यवाद दिएका छन्।

**प्रशान्त तामाङ**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले "इन्डियन आइडल" मार्फत राष्ट्रिय ख्याति प्राप्त गर्ने लोकप्रिय गायक प्रशान्त तामाङको आकस्मिक निधनमा गहिरो समवेदना व्यक्त गर्नुभएको छ। हिज सामाजिक सञ्जाल प्लेटफर्म इन्स्टाग्राममा एक पोस्टमा मुख्यमन्त्रीले उनको निधनलाई अपूरणीय क्षति बताउनुभएको छ ।

24 वर्षको कलिलो उमेरमानै नाम अनि यश कमाएका प्रथम गोर्खे इण्डियन आइडल प्रशान्त तामाङको 43 वर्षको उमेरमा हिज बिहान दिल्लीमा हृदयघातको कारण असामयिक निधन भएको छ। सोनी टीभी च्यानलद्वारा आयोजना गरिएको 2007-को इण्डियन आइडल तेस्रो चरणमा उनी सम्पूर्ण गायन प्रतियोगीहरूलाई उछिनेर इण्डियन आइडल बनेका थिए। प्रशान्त तामाङलाई इण्डियन आइडल बनाउन देश-विदेशका गोर्खा समुदाय एक भएका थिए। उनको पार्थिव शरीर आज देजीलिंग ल्यायिन्दै छ|

**आसनसोल**

राज्यमा जारी एसआईआर प्रक्रियाको बीचमा, आसनसोल-सलानपुर पुलिसले ठूलो सफलता हासिल गरेको छ। पुलिसले बंगलादेशी नागरिकहरूलाई नक्कली भारतीय नागरिकता कागजात उपलब्ध गराएको आरोपमा एक युवकलाई पक्राउ गरेको छ। युवकलाई सलानपुर पुलिस थाना क्षेत्रको देन्डुआ क्षेत्र बाट पक्राउ गरिएको थियो।

**टोय ट्रेन जंगल सफारी**

लगभग पाँच वर्षको लामो प्रतीक्षा पछि पीपीपी (पब्लिक–प्राइभेट पार्टनरशिप) मोडलमा टोय ट्रेन जंगल सफारी फेरि एकपटक हिजदेखि शुरू भएको छ। दार्जीलिङ हिमालयन रेलवे (डीएचआर)- को यस पहलबाट पर्यटकहरूमा खुशी छाएको छ। रेलवे सूत्र अनुसार  यो विशेष जंगल सफारी मुख्य रूपमा सप्ताहको शनिवार र आइतवार संचालन हुनेछ। यो सफारी सिलगढ़ी जंक्शनदेखि घैयाबारीसम्म पुग्नेछ। यात्रा अवधि पर्यटकहरूले ऐतिहासिक टोय ट्रेनको रोमाञ्चक सवारीसँगसँगै चिया बगानहरूको सुन्दर हरियाली, पहाड़ी प्राकृतिक दृश्य तथा स्थानीय संस्कृतिको आनन्द लिन सक्नेछन्। यस जंगल सफारीको उद्देश्य पहाड़, प्रकृति

अनि लोक संस्कृतिको अनौठो अनुभव पर्यटकहरूसम्म पुऱ्याउनु हो। निजी कम्पनी संचालक सञ्जय गोस्वामीले बताए अनुसार यात्रा शुरू हुनसाथ पर्यटकहरूको लागि खाजाको व्यवस्था रहनेछ। घैयाबारी पुगेपछि विशेष पिकनिकको आयोजन गरिनेछ। यसको साथै दार्जीलिङको प्रसिद्ध पारम्परिक व्यञ्जन मोमोको स्वाद पनि पर्यटकहरूले चाख्न पाउनेछन्। डीएचआरका निदेशक ऋषभ चौधुरीले भन्नुभयो, वर्तमान पर्यटन सीजनमा जंगल सफारी मात्र नभएर पर्यटकहरूलाई आकर्षित गर्नको लागि नयाँ सफारी सेवा पनि शुरू गर्ने योजना छ। यस अतिरिक्त 15 वटा नयाँ टोय ट्रेनको इञ्जनलाई सामेल गरिनेछ। यात्रीहरूको सुरक्षा अनि सेवाको गुणस्तरलाई सर्वोच्च प्राथमिकता दिइने उहाले अझ बताउनुभयो।

## सिलगढी नगर निगम

सिलगढी नगर निगम भित्र नक्कली म्यूटेशन रसिदलाई लिएर विवाद उत्पन्न भएको छ। यस महिनाको सुरुमा, आश्रमपाराका बासिन्दा राजकुमार अग्रवालले नगर निगम कार्यालयमा गएर दुईवटा रसिदको प्रतिलिपिसहितको आवेदन पेश गरेक छन्। उनले म्यूटेशन शुल्क दुई पटक तिरेका आरोप लगाएका छन् ।

यद्यपि, नगर निगमका अधिकारीहरूले दुईवटा रसिदहरू जाँच गर्दा यो विषयमा अचम्म मानेका छन् ।

निगमले एउटा रसिद पूर्णतया नक्कली भएको दाबी गरेको छ। रसिदमा रहेको हस्ताक्षर र छाप पनि नक्कली भएको भनिएको छ। नगर निगमले सिलगढी पुलिस थानामा उजुरी दर्ता गरेको छ।

डीसीपी (पूर्व) राकेश सिंहले यो मामिला प्रकाशमा आएको र सम्पूर्ण मामिलाको अनुसन्धान भइरहेको बताउनुभएको छ।

## सिलगढ़ी  क्लिन ग्रीन ड्राइभ

सिलगढ़ी मेट्रोपोलिटन ट्राफिक विभागले यातायात व्यवस्थासँगसँगै पर्यावरण संरक्षणको दिशामा पनि कदम बढ़ाएको छ। डीसीपी काजी शम्सुद्दीन अहमदको नेतृत्वमा हिज सालबाड़ी ज्ञान ज्योति मोड़मा क्लिन ग्रीन ड्राइभ अभियान संचालन गरियो। प्राप्त जानकारी अनुसार ट्राफिक पुलिस, कलेजका विद्यार्थी औ स्वैच्छिक संगठनहरूले मिलेर राष्ट्रिय राजमार्ग-55 र टोय ट्रेन रेलवे लाइनको वरपर सर-सफाई पनि गरे।

****** ० ******